श्रीमान् नगर प्रमुखज्यु
भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर

# भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कायालयले सम्पन्न गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी काम कार्वाहीको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी प्रतिवेदन

✖ काशीलाल प्रजापति

स्थानीय स्वायत्त शासन ऐन-२०५५ र नियमावली -२०५६ अनुसार अगाडि बढाएको काम कार्वाही र संघीय संरचना अनुसार स्थानीय तह सम्बन्धी बनेका नियम आदेश अनुसार भक्तपुर नगरपालिकाले सम्पन्न गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी अगाडि बढाईएको काम कार्बाहीबारे नियमानुसार मूल्यांकन, सुझाब संकलन र जिज्ञासा सुन्न चौमासिकरुपमा गर्नु पर्ने सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७४ असार २६ गते सोमवार ख्वप कलेजको सभाहलमा सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाको वित्तिय संरचना, विकास निर्माण, संचालित कार्यक्रम सम्बन्धी जानकारी दिन, नव निर्वाचित जनप्रतिनिधि, नगरवासी र कर्मचारीहरु बीच मैत्रिपूर्ण वातावरण कायम गर्न, नगरपालिकाले गरेका कार्यहरुको कमी कमजोरी थाहापाउन र नगरबासीहरुको पिरमार्का सुन्ने र सुधार गर्ने कार्यका लागि यो सर्वजनिक सुनुवाई भएको हो ।

नगरपालिका नगरबासीहरुको संस्था हो । नगरवासीहरुले नगरपालिकाबाट हुने सम्पूर्ण क्रियाकलापहरुको लेखाजोखा गरिरहेको हुन्छ ।

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई आत्मसात गर्दै नव निर्वाचित जनप्रतिनिधिहरुले ख्वप विश्व विद्यालयको स्थापना गर्ने, साँस्कृतिक नगर घोषणा, पर्यटकीय गन्तव्य स्थल, ज्ञान विज्ञानको केन्द्र र सरसफाईको नमूना नगरकोरुपमा विकास गर्ने लक्ष्य राख्नु भएको छ ।

यस भक्तपुर नगरपालिका ऐतिहांसिक, साँस्कृतिक र पर्यटकीय नगर पनि हो । भक्तपुर नगरपालिकालाई 'ख्वप' भनेर चिनिन्छ । 'सस्कृति,' 'सम्पदा', 'नाचगान', यस नगरको पहिचान हो । 'जुजु धौ', 'भादगाँउले टोपी र हाकु पटासी' मा भक्तपुर प्रख्यात छ । १२ औं शताब्दीमा स्थापित यो नगर विश्व सम्पदा सुचीमा सूचिकृत छ। समुद्री सतहबाट १४०१ मीटर उचाईमा रहेको यो नगर ६.८८ बर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यो नगरलाई स्थानीय तह अनुसार १० वडामा विभाजन गरिएको छ ।



मञ्चको झलक

कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरु, सरोकारवाला नागरिकहरु, कार्यालय प्रमुखहरुलाई पत्राचार गरिएको थियो । अन्य सम्बन्धित नगरबासी

तथा सेवाग्राहीहरु,  नगरपालिकाका कर्मचारीहरुलाई पत्राचार र पत्रपत्रिकामार्फत सूचना दिई आमन्त्रण गरीएको थियो ।

**उद्देश्य:-**

नगरवासीलाई परेका पिरमार्का, जनगुनासो, सरसफाईलगायत नगरपालिकाबाट भएका काम कार्वाहीमा छिटो छरिटो, चुष्त दुरुष्त र पारदर्शीता ल्याउन नगरबासीहरुको राय सुझाब लिने र नगर पालिकाको गतिविधि नगरबासीहरुलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम भएको छ ।

**कार्यक्रम**

भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको सभापतित्वमा भएको यस सार्वजनिक सुनुवाई कार्यक्रमको संयोजन 'भक्तपुर' मासिक पत्रिकाले गरेको थियो । मासिक 'भक्तपुर' पत्रिकाका सम्पादक श्री लक्ष्मणराज जोशीले उद्घोषण गर्नु भएको सो कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिले सभापतिको आशनबाट बोल्नु हुँदै स्थानीय स्वायत शासन ऐन २०५५ विपरीत सरकारले आदेशको भरमा जनप्रतिनिधिहरुलाई पहिले प्राप्त अधिकार कटौति गर्नु उचित नभएको र आदेशले देश चलाउनु निरडकुशता हो भन्नुभयो । भक्तपुर नगरपालिका पारदर्शीरुपमा अगाडि बढछ भन्नुहुन्दै घोषणा पत्र अनुसार क्रमश कार्य अगाडि बढने बताउनु भयो । उहाँले स्थानीय तह सञ्चालन सम्बन्धी ऐन कनून नबनेकोले काम गर्न अप्ठेरो भएको बताउनु भयो । र चनात्मक आलोचनाले मान्छेलाई सुधार गर्छ भनुहुँदै काम गर्ने मान्छेबाट गल्ति पनि हुन सक्छ। काम गर्दा लड्छन्, चुक्छन, त्यसबाट सिक्दै फेरि अगाडि बढ्नु पर्छ भन्नुभयो । उहाँले ख्वप विश्व विद्यालय


प्रंमुख सुनिल प्रजापति कार्यक्रममा बोल्न हुन्दै


कार्यक्रममा बोल्नु हुन्दै उपप्रंमुख रजनी जोशी


का.का.अ. रोहितराज पोखरेल

संचालन गरी भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउनु पर्ने, भक्तपुरलाई सांस्कृतिक नगर बनाउनु पर्ने, भूकम्पले भत्कीएको सम्पदा पुनः निर्माण गर्न  आवश्यक काठ सहजरुपमा सरकारले उपलब्ध गराउनु पर्ने बताउनु हुँदै नगरपालिकाको सीमित स्रोत साधनले असिमित आवश्यकतालाई पुरा गर्नु पर्ने हुँदा आवश्यकता हेरी योजनाहरु क्रमश शुरु गर्दै जाने बताउनु भयो ।

कार्यक्रममा भक्तपुर नगरका उपप्रमुख श्री रजनी जोशीले समयमै प्राप्त हुने सुझावबाट काम विग्रन र नोक्सानी हुनबाट जोगिन सक्छ भन्नुहुन्दै रचनात्मक सुझावहरु दिनु भएकोमा सम्पूर्ण उपस्थित महानुभावहरुलाई धन्यवाद दिनु भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यकारी अधिकृत श्री रोहित राज पोखरेलले जनप्रतिनिधि, कार्यालय प्रमुख, नगरबासीलगायत उपस्थित सम्पूर्णलाई स्वागत गर्नु हुँदै चौमासिकरुपमा भए गरेका कार्यकोबारे जनआवाज बुझ्न सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान रहेको बताउनु भयो ।

**नगरपालिकाले गरेका काम कार्वाही सम्बन्धी प्रस्तुती**



अम्बिका धौभडेल

प्रशासन शाखा प्रमुख अम्बिका धौभडेलले समग्र नगरपालिकाको विषयमा भए गरेका कार्यको विवरण प्रस्तुत गर्नु भयो । न.पा. इतिहांस, संगठन स्वरुप, जनशक्ति विवरण, सिफारिस , ब्यक्तिगत घटना, वित्तिय व्यवस्थाबारे विवरण प्रस्तुत गर्नु भयो ।

सुनुवाई कार्यक्रममा उल्लेखित माहानुभावहरुले निम्नानुसारको जिज्ञासा, गुनासो र राय सुझाव दिनु भयो ।



कृष्ण प्रजापति

**१) कृष्ण प्रजापति - वडा नं. ८**

- नगरपालिकाले एफ. एम. कहिलेबाट शुरु गर्छ ?
- जनज्योति पुस्तकालयमा सूचना केन्द्र स्थापना भएको हो ?



तुल्सीलाल बासुकला

**२) तुल्सीलाल बासुकला :- इन्जिनियर भनपा २**

- धोषणापत्र अनुसार योजनागत तालिका कहिले आउने ?
- अनलाईनबाट नक्सापास कहिलेबाट हुने ?
- फुटपाटको राम्रो व्यवस्था गर्नु पर्ने ।
- निर्माण सामग्रीको गुणस्तरमा ध्यान दिनु पर्ने ।
- पुरानो नगरक्षेत्रको घरमा रंगरोगन र प्लास्टरलाई नियन्त्रण गर्नु पर्ने ।
- भऱ्याड छोप्ने कार्यले घरको शोभा राम्रो भएन ध्यान दिनु पर्ने ।
- हाल बनाउने घरमा चरा र भंगेरहरु बस्ने प्वालको खयाल गर्नु पर्ने ।



मदनलाल थापा

**३) मदनलाल थापा भनपा १०**

- १० वडा पाइपलाईनको ढल निकास र बाटो बनाउनु पर्ने ।



बिक्रम ढुकुछु

**४) बिक्रम ढुकुछु भनपा ८ लिवाली**

- लिबाली खोलासंगैको बाटो ग्राभलिड गर्नु पर्ने ।



हरिसुन्दर सुवाल

**५) हरिसुन्दर सुवाल शारदा मा.वि. शिक्षक**

- शिशुस्याहार केन्द्रका शिक्षिकाहरुलाई तालिम दिनु पर्ने ।
- राममन्दिरको टुरिजम मार्केटको फोहर व्यवस्थित गर्नु पर्ने ।
- नयां घर बनाउन्दा पुरातात्वक बस्तु मासिन दिनु नहुने ।
- राममन्दीर र देगमना जाने बाटोलाई पहिले जस्तै वान वे बनाउनु पर्ने ।



दिजु भट्टराई

**६) दिजु भट्टराई भनपा १, सल्लाघारी**

- सार्वजनिक जग्गा संरक्षण गर्नु पर्ने ।
- सल्लाघारीको १०८ रोपनी जग्गालाई नपाले व्यवस्थित गर्नु पर्ने ।

**७) अर्जुन काजी गुरुङ भनपा १, सल्लाघारी**


अर्जुन काजी गुरुङ

- भनपामा मालपोत तिर्न ३ दिन लाग्यो ।
- सिनो गाई समयमा व्यवस्थित गरीदिएन ।
- हनुमन्ते खोला सरसफाईलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने ।

**८) जयकृष्ण श्रेष्ठ भनपा ६**


जयकृष्ण श्रेष्ठ

- निर्माण सामग्री ल्याउने ठूला गाडीलाई पुरानो नगरमा प्रवेश गराउन नहुने ।
- पुरानो नगरमा पहिले जस्तै ठूलो गाडी प्रवेशमा रोक लगाउनु पर्ने ।

**९) श्यामसुन्दर मुनंकर्मी भनपा ५**


श्यामसुन्दर मुनंकर्मी

- भूकम्प पीडितलाई दिएको सहुलियत काठ भक्तपुरमा वितरण गराउने व्यवस्था गर्नु पर्ने ।
- पुरानो नगरको अव्यवस्थित तारहरु व्यवस्थित गर्नु पर्ने ।
- भक्तपुर नगरभित्र बजार चहलपहलको लागि सूर्यविनायक, कमलविनायक हुँदै सफा टेम्पो संचालन गर्नु पर्ने ।

**१०) सुरेश सांय्जु जनसंचार एफ एम**


सुरेश सांयजु

- बाटो खन्दा हिलो मैलो हुने रोक्नु पर्ने ।
- खानेपानीको पाईप फुटेको बनाउनु पर्ने ।
- आदर निकेतनको काम कहिलेबाट शुरु हुन्छ ।
- नपाको सूची दर्तामा संञ्चारको पनि हुनु पर्ने ।

**११) विष्णुबहादुर मानन्धर, भनपा ९ साकोलान, पूर्व वडाध्यक्ष**

- २२ वटा सम्पन्न योजना मध्ये २ वटाको मात्र जांचपास किन भयो ?


विष्णुबहादुर मानान्धर

**१२) आशाकुमार कोजु भनपा २ पूर्व वडाध्यक्ष**

- नगरकोट बाटो सडक फराकिलो गर्दा ठाउं ठाउंमा भएको पुरानो ढुंगेधारा मासिन दिन नहुने ।
- देको मिबा इतापाके जग्गा एकिकरणको बजेट बढाउनु पर्ने ।
- भक्तपुर नगरलाई घेरिएको हनुमन्ते र खासाडखुसुड खोला सफा गर्नुपर्ने ।
- आवास योजनामा भौतिक पूवाधारहरु सम्बन्धीत संस्थाले व्यवस्था गर्नु पर्ने ।
- नगरकोट सडकमा बाटो फराकिलो गर्दा मापदण्ड लागुहुनु भन्दा पहिले बनाएको घरको क्षतिपूर्ति दिनु पर्ने ।


आशाकुमार कोजु

**लिखित प्रश्न**

**१३) प्रेम नारायण प्रेमी, सल्लाधारी १**

- सरकारी योजनामा परेको काम किन छिटो राम्रो हुन्दैन ?
- सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकता दिनु पर्ने ।
- मुद्दा शाखाबाट समयमै मुद्दा फछ्र्यौट गर्नु पर्ने ।

**१४) कृष्णगोविन्द मुलगुठी सल्लाघारी-१, भक्तपुर**

- खोला फराकिलो गर्नु पर्ने ।
- शंसोधित नक्सामा पुन म्याद दिनु पर्ने कार्य हटाउनु पर्ने

**नगरबासीहरुले उठाएका प्रश्नहरु र जिज्ञासाको जवाफ(जिज्ञासा मेटाउने काम) निम्न शाखा प्रमुखहरुबाट भयो ।**



**ओमहरी था श्रेष्ठ**

**१**) नक्सा र योजना सम्बन्धी निम्न जिज्ञासा १) योजना सम्बन्धी समय तालिका, २) अनलाईन नक्सापास, ३) लिबाली प्लानिडको बाटो ग्राभेलिड, ४) भऱ्याड छोप्ने, ५) उपभोक्ता समितिबारे जवाफ योजना प्रमुख श्री ओमहरी थाले दिनुभयो ।



**दिलिप सुवाल**

**२**) श्यानिटेशन सम्बन्धी जिज्ञासा १) गाईको सिनो व्यवस्थापन २) राममन्दीर टुरिजम मार्केट फोहर सम्बन्धीको जवाफ श्यानिटेशन प्रमुख श्री दिलिप कुमार सुवालले दिनुभयो ।



**गणेशलाल फोंजु**

**३**) नक्सा अनियमितता सम्बन्धी जिज्ञासा १) शिशाको झ्याल २) प्लासटर कार्य ३) पुरातात्विक महत्वको स्थल सम्बन्धीको जवाफ मुद्दा उपशाखा प्रमुख श्री गणेशलाल फोंजुले दिनुभयो ।

**निष्कर्ष :-**

सर्वजनिक सुनुवाईले नक्सा सम्बन्धी गुनासो, अव्यवस्थित बाटो, कार्य समय तालिका, सिनो गाईको तत्काल व्यवस्थापन फोहर व्यवस्थापन, अनियमिति निर्माण ( शिशा झ्याल, प्लाष्टर), पुरातात्विक स्थल संरक्षण कर्मचारीको अनुशासन, नैतिक र कर्तव्यबोध प्रति सजग गराएको छ । अनियमित निर्माण हेर्ने निरिक्षकहरु बढी चनाखो हुनु पर्ने देखिएको छ । कार्यक्रमले नगरपालिकालाई आफ्नो योजना बनाउन र अगाडि बढ्न मार्ग निर्देशन प्राप्त भएको छ। कार्यक्रममा आएको राय सुझाबले कर्मचारीहरुले आत्म समिक्षा र आत्ममूल्याङ्कन र व्यवहारमा सुधार गर्न एउटा आधार प्राप्त भएको छ । नगरबासीहरुको सेवा छिटो छरितो र चुष्त बनाउने प्रयास हुनेछ । समग्रमा कार्यक्रम राम्रो र सफलतापूर्वक सम्पन्न भएको छ ।

**अन्तमा**

भक्तपुर नगरपालिकामा नव निर्वाचित पदाधिकारीहरुले बहाली गरिसकेपछि थुप्रै कामहरु भईसकेका छन् । खानेपानी समस्या विषयमा खानेपानी सहजताको लागि काठमाण्डौ उपत्यका खानेपानी लि.का प्रमुखसंग छलफल, हनुमन्ते खोला सुधार र व्यवस्थापनबारे परामर्शदातासंग छलफल, खानेपानी वितरण, हनुमन्ते खोला किनारको ढल बनाएको निरिक्षण, कार्यालय प्रमुखहरुसंग छलफल, फोहर मैला व्यवस्थापन गर्न अध्ययन समिति गठन तथा समितिको प्रतिवेदन, हनुमन्ते खोला सफाईबारे काठमाण्डौ उपत्यका ढल व्यवस्थापनका पदाधिकारीहरुसंग अन्तरक्रिया, खानेपानी मुहान निरिक्षण, अनियमित निर्माण भत्काउने कार्य, भूकम्पले भत्किएका सम्पदा पुनः निर्माण र घर पुनः निर्माणको लागि आर्किटेक्टहरु (आर्किटक्ट समाज)संग छलफल, बजेट निर्माण व्यवस्थापनको लागि नगरका बुद्धिजीबी, शिक्षक, व्यापारी, महिला, किसान, मजदुर, आदिसंग छलफल हुनुले नगरपालिकालाई छिटो छरितो, दुरुष्त, पारदर्शीरुपमा अगाडि बढाउन लागेको स्पष्ट हुन्छ ।

प्रतिवेदन प्रस्तुत कर्ता
काशीलाल प्रजापति
२०७४।३।२८ गते